गर्न, उहाँहरुले उजुरी दिन गइसक्यौं ।

# सरकारले विभेद गरिरहेको छ



शान्ति केसी
द्वन्द्वपीडित परिवार

आजसम्म कसैले केही गरेन । हाम्रा समस्या समाधान कसले गर्ने हो ? सरकारलाई अझसम्म थाहा छैन ? यस्तो द्वन्द्व भएपछि यसको समाधान कसरी हुन्छ त ? मारिनेका परिवारले बालबच्चा कसरी पाल्छन् ? हाम्रो लागि त सरकार अभिभावक हो नि । त्यसलाई आफ्नो बच्चालाई दुःख पर्दा थाहा छैन । बरु मानवअधिकार आयोगले पीडितका समस्या सिधै सरकार सित भनिदेओस् न । हामीलाई खान, बस्न, पढ्न समस्या छ । कसैका तीन चारवटा बच्चा छन् पहिला चारवटा, त्यसपछि तीनवटा त्यसपछि दुईवटालाई मात्रै पढाउन छात्रवृत्ति दिन थालेको छ । के त्यो बाउका बच्चा दुईटा मात्रै हुन् ? बाँकी बच्चा कसका हुन् ? अरुलाई पढाइ खर्च चाहिया थिएन र ? अब बुढा भइसक्यौं, हाम्रो उमेर गइसक्यो औषधि उपचारलाई खै त ?

# श्रीमान्को मृत्यु दर्ता कसरी ल्याउँ म



चुमा आचार्य
वेपताका परिवार

मेरो श्रीमान् २०५९ सालमा वेपत्ता हुनुभएको हो । आजसम्म केही थाहा छैन । अनि हरेक ठाउँमा जान्छु, हरेक ठाउँमा भन्छु । हाम्रो न साथमा श्रीमान् न हामी एकल महिला भयौं । त्यो पनि भएन । अहिले ससुराको नाममा सम्पत्ति छ । सम्पत्ति बण्डा गर्न जाँदा मृत्यु दर्ता ले भन्छन् । कसले मलाई मृत्यु दर्ता दिन्छ ? एउटा जेठाजुले तैले मृत्यु दर्ता गर्दिनेस भनेर रातदिन यातना दिनुभा छ । अनि यता सरकारले मृत्यु दर्ता नदिने म कुन ठाउँमा जाउँ मृत्युदर्ता खोज्न ? कसरी हुन्छ ? मैले भने केही हुन्छ कि कहीं लाग्छ कि भन्यो केही लाग्दैन । काम केही पनि भ छैन । हामी द्वन्द्वपीडित सन्तु छैनौं । आयोगका मान्छे आउँद आशा त लाग्छ भर त त्यति छैन

## रात्रिकालीन....

रोल्पाबाट काठमाडौं, बुटवल, नेपालगञ्ज, घोराहीलगायतका क्षेत्रमा यातायात सेवा सञ्चालन गर्दछ । कालोपत्रे गरिएको सो सडक भने सुचारु गरिएको छ । उत्तरी र पश्चिमी रोल्पामा पर्ने सहिद मार्गलगायत रोल्पाका भित्री सडकहरुमा रात्रिकालीन यातायात सेवा बन्द गरिएको हो । घोराही, होलेरी, घर्तीगाउँ, दुईखोली हुँदै थवाङ सम्म जोडिएको सहिदमार्गको विभिन्न खण्डमा निर्माण कार्य भइरहेको छ ।

यस्तै जिल्लाका भित्री सडकहरु समेत कच्ची रहेकाले ती सडकमा समेत रात्रिकालीन सेवा बन्द गरिएको हो । मदन भण्डारी राजमार्गको माडिचौर घर्तीगाउँ सडकखण्ड विस्तारको काम भइरहेकाले केही समय अघिदेखि आवतजावतमा रोक लगाइएको सो सडक अर्को सूचना जारी नभएसम्मका लागि रोक लगाइएको हो । सहिद सडकखण्ड रोल्पाको रुन्टी गाउँपालिका, माडी गाउँपालि परिवर्तन गाउँपालिका र थ गाउँपालिकाको भूगोलमा पर्दछ


# श्री भयारथान सामुदायिक वन उपभोक्ता समूह

राजपुर-७ वनकट्टी, दाङ

## बोलपत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्रीको सूचना !

प्रथम पटक सूचना प्रकाशन मिति : २०८२/०४/१४ गते

श्री भयारथान सामुदायिक वन उपभोक्ता समूह राजपुर गाउँपालिका-७ वनकट्टी, दाङको वनबाट उत्पादन भई राजपुर गाउँपालिका-७ वनकटी, दाङ घाटगद्दीमा लट बनाई राखिएको साल, असना, जामुन, कर्मा लगायतका जातहरुको गोलिया थान ४४५ को ३२८१.५४ घ.फि. काठ र साल दाउरा १५ चट्टा र अन्य मिश्रित जातको दाउरा ८ चट्टा गरी जम्मा दाउरा २३ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली १२८ बमोजिम सूचिकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र प्रत्येक लटको छुट्टाछुट्टै बोलपत्र खरिद गरी २२ औं दिनभित्र प्रत्येक लटको छुट्टाछुट्टै शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारीको लागि अनुरोध छ ।

अध्यक्ष



अब जिम घ

सम्पूर्ण GYM त

- HOME GYM
- दौड्ने मेसिन (Tread m
- Fitness ड्रेस
- Diet (पोषण)
- GYM Ball
- Wall Pull up
- Bench Press
- Dumbbell
- Fitness Wear

Diet खरिद गर्दा डि
नक्कली स

Diet नेपाल र Body Bui

All about Diet and fitn

ग्लोबल फि

सहिदगेट बजाज शोरुमको छेउम
घोराही, दाङ
०८२-६९५१९६, ९८४९५०६११,
९८१८२६६७२०

www.facebook



नयाँ युगबोध प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, संस्थापक एवं सल्लाहकार : नारायणप्रसाद शर्मा, अध्यक्ष तथा प्रबन्ध
मुद्रक : प्रतिभा अफसेट प्रेस, कार्यालय: घोराही दाङ, लुम्बिनी प्रदेश, नेपाल फोन : ०८२-५६००८४, ५६१३०३, ०८२-५६०९४८, शाखा


CMK